वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
(.................... शाखा)

☎ ०८३-५२०२६३
०८३-५२०१४४
०८३-५२०१२८

पत्र संख्या :
चलानी नम्बर :-
मिति:..............................

## १५ दिने सिलबन्दी दरभाउ आह्वानको सुचना ।

( प्रकाशित मिति : २०७७/०४/१८)

यस नगरपालिकालाई आवश्यक निम्न कार्य गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१.बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि तपसिलमा उल्लेख भए बमोजिमको मितिसम्म फर्म/सँस्था/कम्पनीको लिखित निवेदन पेश गरी यस नगरपालिकाको जिन्सी शाखाबाट तपसिल बमोजिमको दस्तुर बुझाई (फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ।

२.बोलपत्र तपसिलमा उल्लेखित मिति र समयभित्र यस नगरपालिकाको जिन्सी शाखामा सिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ । बोलपत्र फाराम बुझाउँदा सिलबन्दी गरी खामको बाहिर वीरेन्द्रनगर नगरपालिका, वीरेन्द्रनगर सुर्खेतलाई सम्बोधन गरी आफूले गर्न चाहेको कार्य सहित बोलपत्रको ठेक्का नं. समेत स्पष्टसंग उल्लेख गर्नु पर्ने छ।

३.दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु तपसिलमा उल्लेखित मिति र समयमा नगरपालिकाको जिन्सी शाखामा उपस्थित फर्म/कम्पनीका प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर फर्म/कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**तपसिल**

| सि.नं | ठेक्का नं. | कार्यको विवरण | बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | फाराम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १. | 01/SQ/2077-078 | कार्यालय तथा स्टेशनरी सामानहरु आपूर्ति गर्ने कार्य | २०७७/४/३२ कार्यालय समय | २०७७/५/१ १२:०० बजे | २०७७/५/१ १४:०० बजे | १,०००।- | ६०,०००।- |
| २. | 02/SQ/2077-078 | सेनेटरी प्याड आपूर्ति गर्ने कार्य | २०७७/४/३२ कार्यालय समय | २०७७/५/१ १२:०० बजे | २०७७/५/१ १४:०० बजे | १,०००।- | ६०,०००।- |
| ३. | 03/SQ/2077-078 | राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापन/सूचना प्रकाशन | २०७७/४/३२ कार्यालय समय | २०७७/५/१ १२:०० बजे | २०७७/५/१ १४:०० बजे | १,०००।- | ६०,०००।- |

४.बोलपत्र जमानत वापत माथि उल्लेखित रकम बराबर यस नगरपालिकाको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाता नं ४०८०३०३००३००१ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ । बोलपत्र जमानतको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ (पचहत्तर) दिन सम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनु पर्ने छ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

५.बोलपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले सिलबन्दी बोलपत्रसाथ देहायका प्रमाणित कागजात पेश गर्नुपर्ने छ :

(क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ख) व्यवसाय दर्ताको इजाजतपत्र (ग) मूल्य अभिवृद्धि कर र स्थायी लेखा नं. (प्यान) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (घ) बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति (ङ) आ.व.२०७५/०७६ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (च) बोलपत्रदाता फर्म/कम्पनीको Power of Attorney Letter समेत ।

६. बोलपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन निर्धारित समय र स्थानमा गरिने छ । यस्तो अवस्थामा बोलपत्र जमानत र बोलपत्रको मान्य अवधिको गणना साविककै मिति वाट गरिनेछ ।

७ यसै सूचनाको बुँदा ५ बमोजिमका कागजात संलग्न नभएको, विभिन्न सर्तहरु उल्लेख गरेको, बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु उल्लेख नगरेको र प्रचलित सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८.कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहने छ ।

९. माथि उल्लिखित कार्यको सम्झौता अवधि बढिमा एकवर्षको हुनेछ । स्वीकृत बोलपत्रदातालाई उक्त अवधिभित्र बोलपत्र फारममा उल्लेख भए बमोजिमका सामान एकै पटक वा पटक-पटक आपूर्ति गर्न यस नगरपालिकाले निर्देशन दिनेछ । सम्झौताको अवधिभर बोलपत्र फाराममा उल्लेख भएको भन्दा बढी परिमाणका सामान नगरपालिकालाई आवश्यक परेमा स्वीकृत बोलपत्रदाताले आफूले कबोल गरेको दररेटमा नै उक्त सामान आपूर्ति गर्नु पर्ने छ ।

१०. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय समयभित्र जिन्सी शाखा (फोन नं. ९८५८०७०७७७) मा सम्पर्क राख्न सकिने छ ।

Scanned with CamScanner